# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९।०५।९ गते बिहिबार बसेको बैठकबाट देहाय बमोजिम हुनेगरी ८ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र. सं. | छलफलको विषय | घटना मिति र उजूरी नं. | उजूरी को विषय | टिप्पणी /प्रतिवेदन | कैफियत |
|---|---|---|---|---|---|
| १. | साविक ढोढरी गा.वि.स. वडा नं ८, हाल मधुवन नगरपालिका वडा नं ४ बर्दियाका शोभाराम थारुलाई द्वन्द्व कालमा संयुक्त सुरक्षा फौजको टोलीले बाँदरभरियाबाट पक्राउ गरी लगेर बेपत्ता बनाएकोले निजको स्थिती सार्वजनिक गरी मानव अधिकारको रक्षा गर्न पहल गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५९।२।११ १६६९ | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| २. | साविक सुर्यपटुवा गा.वि.स वडा नं ४,हाल बधुवन न.पा.१ का दिलराज योगी तत्कालिन ने.क.पा. माओवादी पार्टीमा संलग्न रहेको र ठाकुरद्वाराबाट आएका सेनाले बर्दिया जिल्लाको नेउलापुरको गुनाना (गोडान)भन्ने ठाउँबाट पक्राउ गरी ठाकुरद्धारा व्यारेकमा लगेर राखेको ६,७ दिनपछि बबइतर्फ लिएर गई वेपत्ता परेकाले स्थिती सार्वजनिक गराई बेपत्ता पार्ने कार्यमा संलग्न दोषी उपर कारवाही गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५८।८।२७ १६१४ | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ३. | गेरुवा गा.पा. ४, बर्दियाका चैनराम थारु (भन्ते)लाई द्वन्द्वकालमा नेपालगंजबाट राज्यपक्षका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता बनाएकाले निजको मानव अधिकारको रक्षागर्न पहल गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा । | २०६० साल १६८२ | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ४. | गेरुवा गा.पा. वडा नं १ बर्दियाका डिलाराम वन (गिरी)लाई द्वन्द्वकालिन समयमा ठाकुरद्धाराबाट आएको नेपाली सेनाको टोलीले पक्राउ गरी बेपत्ता बनाएकाले खोजतलास गरी जीवन रक्षा गरी स्थिती सार्वजनिक गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५८।१२।२३ ३३९ | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

का.मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


| | | | | | |
|---|---|---|---|---|---|
| ५. | खैरीचन्दनपुर गा.वि.स.वडा नं ८बर्दियाका छुनुवा चौधरीलाई द्वन्द्वकालिन समयमा ( मिति निज खेत जोतिरहेको अवस्थामा सुरक्षाफौजको एक समुहले पक्राउ गरी वेपत्ता बनाएकोले निजको स्थिती सार्वजनिक गरी दोषीलाई कारवाही गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५९।७।३ १४३० | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ६. | मगरागडी गा.वि.स २ बर्दियाका **नरबहादुर रानालाई** तात्कालिन शाही नेपाली सेनाले पक्राउ गरी लगेको र हाल सम्म स्थिति अज्ञात रहेकाले स्थिति सार्वजनिक गरी दोषीलाई आवश्यक कारवाही गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | द्वन्द्वकाल /९७० | बेपत्ता | निजको स्थिती बेपत्ता नै रहेको पाइएकोले स्थिती यथाशीघ्र सार्वजनिक गर्न र दोषी पहिचान गरी कानून बमोजिम कार्वाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ७. | कोहलपुर न.पा १५ बाँके बस्ने रामकुमार यादवलाई तात्कालिन ने.क.पा माओवादीले बन्चरो तथा लाठीले कुटपिट गरी यातना समेत दिएकाले औषधी उपचार तथा क्षतिपूर्ति उपलव्ध गराई दोषीलाई कारवाहीका लागि पहल गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५९।३।२५ / १३७३ | यातना | पीडितलाई थप रु ५०,०००।- ( अक्षरुपी रु पचासहजार ) क्षतिपूर्ति उपलब्ध गराई यातना तथा कुटपिट गर्ने कार्यमा संलग्न माओवादी कार्यकर्ताको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |
| ८. | कोहलपुर-१५,दाङ्ग बस्ने शेषकान्त शर्मालाई सुरक्षाकर्मीले पक्राउ गरी यातना दिनुका साथै सम्पत्ति कब्जा गरेकाले पीडकलाई कानून बमोजिम कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि पहल गरीपाउँ भन्ने ब्यहोराको उजुरीका सम्बन्धमा । | २०५९।८।१४ १३४४ | यातना तथा सम्पत्ती कब्जा | पीडितलाई रु २,५०,०००।-(अक्षरुपी रु दुईलाख पचास हजार क्षतिपूर्ति उपलव्ध गराई यातना दिई सम्पत्ती कब्जा गर्ने कार्यमा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । | |

का. मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org